(झ) २००३।११।७ को रिपोर्ट सदर बमोजिम इन्स्पेक्टरको नाउंको २००३। १२।१३ को थप सवाल,

(ञ) हतियार खरखजाना विषय अन्य गैह्र सवाल सनद ।

इति सम्वत् २०१६ साल गते रोज शुभम्----------

लालमोहर सदर मिति २०१६।१०।२२।२ मा

आज्ञाले–
विनोदप्रसाद धिताल,
श्री ५ को सरकारको सह–सचिव,
कानून तथा न्याय मन्त्रालय ।

## श्री ५ को सरकार
## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### २०१६ सालको ऐन नं. ४६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### जेल सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः–शान्ति र व्यवस्था कायम राख्न जेल सम्बन्धी नेपाल कानूनलाई संशोधन र एकीकृत गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम जेल ऐन, २०१६ रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर विस्तृत हुनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित सूचनाद्वारा तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "अदालत" भन्नाले अदालत सरह न्यायिक काम गर्न अधिकार प्राप्त कमिशन, ट्राइब्यूनल वा अड्डालाई समेत जनाउंछ ।

(ख) "कैदी" भन्नाले कुनै अदालतको फैसला अन्तर्गत सजाय पाई जेलमा रहेको व्यक्तिलाई जनाउंछ ।

(ग) "थुनुवा" भन्नाले अपराधको तहक़ीकात जांचबुझ वा पुर्पक्षका लागि अदालत, पुलिस वा अन्य अधिकारीको हिरासतमा रहेको वा सार्वजनिक सुरक्षा ऐन, २०१८ अन्तर्गत थुनामा रहेको व्यक्तिलाई जनाउंछ ।

(घ) "जेल" भन्नाले कैदी वा थुनुवालाई कैद गर्नको निमित्त बनेको वा तोकिएको घर कोठा वा त्यस्तै अरू कुनै ठाउं र त्यस्तो घर कोठा वा ठाउंले चर्चेको जग्गालाई समेत जनाउंछ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमद्वारा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "जेलर" भन्नाले यस ऐन बमोजिम जेलरको काम गर्न नियुक्ति भएको वा तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(छ) "जेल अफिस" भन्नाले जेलरको अफिस सम्झनु पर्छ ।

(ज) "अस्पताल" भन्नाले सरकारिया अस्पताल, डिस्पेन्सरी, वा औषधालय-लाई जनाउंछ ।

३. थुनुवा वा कैदी पूर्जीः–(१) कुनै व्यक्तिलाई कुनै अपराधको तहकीकात जांचबुझ वा पुर्पक्षका लागि थुनामा राख्नुपर्ने भएमा निजलाई प्रचलित नेपाल कानून बमोजिमको थुनुवा पूर्जी दिई अन्य अधिकारीको नियन्त्रणको जेलमा राख्नुपर्ने भए सम्बन्धित जेल अफिसलाई पनि सो बमोजिमको जनाउ दिनुपर्छ ।

(२) कुनै अदालतको फैसला बमोजिम कुनै व्यक्तिलाई कैद गर्नुपर्दा निजले कुन कानून अन्तर्गत के अपराध गरे बापत के कति सजाय हुने फैसलामा कुन मितिदेखि कुन मितिसम्म कैद हुने भएको छ सो सबै खोली कैद ठेकी मुद्दा फैसला भएको तीन दिनभित्र कैदी पूर्जी दिई सो कुराहरू र निजको बतन, वर्ष, वर्ण र हुलियासमेत खोली जेल अफिसका नाउंमा पूर्जी लेखी जेल पठाइदिनु पर्छ ।

(३) थुनिने वा कैद पर्ने कुनै व्यक्तिको उप–दफा (१) वा (२) बमोजिम दिइएको पूर्जी बुझी नलिएमा सो बुझी नलिएको व्यहोरा जनाई नजिकको एक अड्डाका हाकिमको सोही पूर्जीमा साक्षी सही गराई राख्नु पर्छ ।

४. थुनुवा वा कैदी बुझिलिनेः–(१) प्रचलित नेपाल कानून बमोजिम रीत पुऱ्याई थुन्न वा कैद गर्न पठाइएको व्यक्तिलाई जेल अफिसले बुझिलिई प्रचलित नेपाल कानून बमोजिम थुनामा वा कैदमा राख्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्रचलित नेपाल कानून बमोजिमको रीत नपुऱ्याई कुनै व्यक्तिलाई थुन्न वा कैद गर्न पठाइएकोमा जेल अफिसले बुझिलिई पूर्जी बमोजिम निजलाई थुना वा कैदमा राखी रीत नपुगेको कुराहरू खोली रीत पुऱ्याउनका लागि सम्बन्धित अधिकारी समक्ष लेखी पठाउनु पर्छ।

५. थुनुवा वा कैदीको तलासी लिनेः–(१) कुनै थुनुवा वा कैदीलाई जेलभित्र प्रवेश गराउंदा निजको तलासी लिनुपर्छ र कुनै हतियार वा निषिद्ध वस्तु फेला परेमा सो कब्जा गर्नुपर्छ।

(२) प्रचलित नेपाल कानून बमोजिम थुनुवा कैदीले जेलभित्र लैजान पाउने वा निजको उपयोगको निमित्त जेलभित्र पठाउन हुने निजको दैनिक व्यवहारको निमित्त चाहिनेभन्दा बढ्ता मालसामानहरू थुनुवा वा कैदीलाई आवश्यक भएका बखत दिने गरी जेलरको जिम्मा राख्नुपर्छ।

६. थुनुवा वा कैदीलाई राख्ने व्यवस्थाः–(१) थुनुवा वा कैदीलाई थुन्दा वा कैद गर्दा देहाय बमोजिम राखिनेछः–

(क) लोग्नेमानिस र स्वास्नीमानिस छुट्याई पाएसम्म छुट्टा छुट्टै घरमा र सो नभै एउटै घरमा राख्नुपर्ने भएमा परस्पर भेटवाट वा कुराकानी गर्न नपाउने गरी सो घरको भिन्दाभिन्दै भागमा,

(ख) थुनुवा र कैदी एउटै जेलमा राख्ने व्यवस्था भएकोमा खण्ड (क) का अधीनमा रही थुनुवा र कैदी छुट्याई यथासम्भव छुट्टाछुट्टै भागमा,

(ग) खण्ड (क) र (ख) का अधीनमा रही एक्काइस वर्ष मुनिको र एक्काइस वर्ष माथिको कैदी वा थुनुवालाई छुट्याई यथासम्भव भिन्दाभिन्दै भागमा,

(घ) खण्ड (क) र (ग) का अधीनमा रही देवानी मुद्दा र फौज्दारी मुद्दाका कैदीलाई छुट्याई यथासम्भव भिन्दाभिन्दै भागमा,

(ङ) रोगी थुनुवा वा कैदीलाई छुट्याई यथासम्भव भिन्दै भागमा।

(२) फौज्दारी मुद्दामा सजाय पाएका कैदीलाई आवश्यकतानुसार एक्लै भिन्दै कोठामा राख्न हुन्छ।

७. नेल हतकडी लगाउनेः–(१) थुनुवा, देवानी मुद्दाका कैदी र जस्तोसुकै अपराधमा सजाय पाएको भए पनि स्वास्नीमानिसलाई नेल वा हतकडी लगाइने छैन।

तर दफा २२ को उप–दफा (२) मा लेखिएको कुरामा सोही बमोजिम हुनेछ।

(२) कुनै अदालतको फैसलाबाट मृत्यु दण्ड, दामल वा जन्म कैदको सजाय पाएको वा डांकाको अपराधमा सजाय पाएको कैदीलाई कैदमा राख्दा उप–दफा (१) का अधीनमा रही नेल ठोकी राखिनेछ र सो बमोजिम राखिएको कैदी भागी पक्राउ भएमा वा भाग्ने उद्योग गरेमा निजलाई हतकडीसमेत लगाइनेछ।

(३) उप–दफा (२) मा लेखिए बाहेक अरू अपराधमा सजाय पाएका कैदीलाई कैदमा राख्दा नेल ठोकिने वा हतकडी लगाइने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

तर त्यस्तो कुनै कैदी भागी पक्राउ परेमा वा भाग्ने उद्योग गरेमा उप–दफा (१) का अधीनमा रही निजलाई नेलसमेत ठोकिनेछ ।

८. जेलमा नाबालकको हेरचाहः–(१) थुनिए वा कैद परेकी स्वास्नीमानिसको जेलभित्रै छोरा छोरी जन्मेछ वा दुई वर्ष नपुगेको नाबालक छोरा छोरी रहेछ भने बाहिर हेरविचार गर्ने वारिसवाला भए पनि निजलाई आमाले आफैंसित राखी हेरविचार गर्न चाहेमा जेल-भित्रै राख्न हुन्छ । त्यस्ता नाबालक दुई वर्ष पुगेपछि, आवश्यक भएमा बाहेक, निजलाई वारिसवालाको जिम्मा लगाइदिनुपर्छ ।

(२) बाहिर वारिसवाला कोही नभएको आठ वर्ष मुनिको नाबालकको आमा थुनिए वा कैद परेमा निजलाई आमाले आफैंसित जेलभित्र राख्न पाउने छैन । त्यस्तो नाबालकलाई नाबालकखानामा राखिनेछ ।

(३) बाह्र वर्ष ननाघेको कुनै नाबालक थुनिएवा कैद परेमा निजको हेरविचार गर्न निजको आमा, बाबु वा अरू नातादार जेलभित्र बस्न चाहेमा पनि बस्न दिइने छैन ।

९. थुनुवा र कैदीहरूको सिधा खर्च र लुगा सम्बन्धी व्यवस्थाः–जेलमा थुनिएका वा कैद परेका थुनुवा वा कैदीहरू र त्यस्ता थुनुवा र कैदीहरूको दफा (८) को उप–दफा (१) र (२) मा उल्लेख भएका नाबालक छोरा छोरीलाई तोकिए बमोजिम सिधा खर्च र लुगा दिइने छ ।

तर–

(क) कैद नठेकिई एक वर्षसम्म वा सोभन्दा बढी थुनामा रहेको थुनुवालाई लुगा दिइनेछ ।

(ख) श्री ५ को सरकार वादी भएको फौज्दारी मुद्दाका कैदीहरू बाहेक अरूले आफ्नो सिधा र लुगाको व्यवस्था आफ्नै खर्चले चलाउन चाहेमा तोकिए बमोजिम निजलाई खाने, लाउने, ओछ्याउने र अन्य आवश्यक कुराहरू किन्न वा निजी रूपले प्राप्त गर्न दिइनेछ ।

१०. थुनुवा वा कैदीहरूलाई काममा लगाउनेः–प्रचलित नेपाल कानूनमा अन्यथा लेखिएकोमा बाहेक कुनै थुनुवा वा कैदीलाई निजको इच्छा विरुद्ध कुनै काममा लगाइने छैन ।

तर श्री ५ को सरकारले थुनुवा र कैदीहरूको स्वास्थ्य आर्थिक उन्नति वा सुधारको निमित्त आवश्यक ठानेमा कुनै थुनुवा वा कैदीलाई कुनै काममा लगाउने व्यवस्था गर्न सक्नेछ ।

११. स्वास्थ्य र उपचारः–(१) मानसिक वा शारीरिक बिरामी परेका थुनुवा वा कैदीहरूलाई सरकारिया चिकित्सकद्वारा उपचार गराउनु पर्छ ।

तर कुनै थुनुवा वा कैदीले आफ्नो खर्च लगाई अरू कुनै चिकित्सकबाट उपचार गराउन चाहेमा तोकिए बमोजिम त्यस्तो उपचार गराउन अनुमति दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै थुनुवा वा कैदी असाध्य विरामी परी निजको राम्रो उपचारका लागि निजलाई अस्पताल मै राख्न आवश्यक छ भनी सरकारी चिकित्सकले ठहराई कारणसहित आफ्नो लिखित राय व्यक्त गरेमा त्यस्तो थुनुवा वा कैदीलाई नेल वा हतकडी परेकोमा सोसमेत काटी तोकिए बमोजिम अस्पतालमा राखी औषधि गराउनु पर्छ।

(३) असाध्य विरामी परेको कुनै थुनुवा वा कैदी बांच्न गाह्रो छ भन्ने सरकारिया चिकित्सकले कारणसहित आफ्नो लिखित राय व्यक्त गरेमा निजलाई नेल हतकडी परेको रहेछ भने सो काटी राखिनेछ र त्यस्तो थुनुवा र कैदीहरूमध्ये राजगद्दी वा राजपरिवारको गाथ वा राजकाज सम्बन्धी मुद्दाका थुनुवा वा कैदी वा दामल वा जन्म कैदको सजाय पाएका वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेको थुनुवा वा चोरी वा डांकामा सजाय पाएका कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेको थुनुवा बाहेक अरूलाई निजको वारिसवालाले घाट लैजान चाहेमा निको भएमा बुझाउन ल्याउने व्यहोराको निज वारिसवालाबाट हाजिर जमानीको कागज गराई सो इलाकाको नजिकको घाट लैजान दिइनेछ। सो बमोजिम घाट लगिएको थुनुवा वा कैदी निको भए नभएको कुराको सो वारिसवालाले सात सात दिनमा रिपोर्ट गर्नुपर्छ।

(४) उप–दफा (२) वा (३) अन्तर्गत अस्पताल वा घाट लगिएको थुनुवा वा कैदी जेलभित्रै रहेको सम्झिनेछ र सो अवधि निजलाई हुने कैदको अवधिमा कट्टा गरिनेछ।

(५) उप–दफा (२) वा (३) मा उल्लेख भएको थुनुवा वा कैदीलाई निको भएमा निजलाई थुन्न नपर्ने भएकोमा वा निजको कैदम्याद भुक्तान भैसकेकोमा बाहेक निजलाई फेरि जेलभित्र राखिनेछ र नेल वा हतकडी काटिएकोमा सोसमेत लगाइनेछ।

१२. थुनुवा वा कैदी स्वास्नीमानिस गर्भवती भएमाः– (१) कुनै थुनुवा वा कैदी स्वास्नीमानिस गर्भवती रहिछ भने राजगद्दी, राजपरिवारको गाथ वा राजकाज सम्बन्धी मुद्दाको वा दामल वा जन्म कैदको सजाय पाएको वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेकी थुनुवा वा ज्यानमारा बाहेक अरूको हकमा ६ महीनाको गर्भ पुगेपछि जमानी दिए लिई छाडिदिनुपर्छ र त्यसरी जमानीमा छुटेकीलाई निजको बालक जन्मेको दुई महीना भएपछि थुन्न नपर्ने भएकोमा वा कैद म्याद भुक्तान भैसकेकोमा बाहेक फेरि जेलभित्र राखिनेछ।

(२) उप–दफा (१) बमोजिम कुनै गर्भवती स्वास्नीमानिस जेल बाहिर रहेकोमा निज जेलभित्रै रहेको सरह गरी निज बाहिर रहेको अवधि जति निजलाई हुने कैदको अवधिमा कट्टा गरिनेछ।

१३. थुनुवा वा कैदीको मृत्यु भएमा गर्नेः–(१) कुनै थुनुवा वा कैदीको मृत्यु भएमा सरकारी चिकित्सकलाई जचाई निजले सो कुरा प्रमाणित गरेमा सो व्यहोराको र मर्नेको जायजातको तायदाती मुचुल्का लेखी सो बखत पालो पहरामा परेको पाले सिपाही र थुनुवा कैदीहरूमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाएसम्म चारजनामा नघटाई सो मुचुल्कामा साक्षी गराई मर्ने थुनुवा वा कैदीको जायजात धरौटी स्याहामा आम्दानी बांधी जुन अड्डा वा अदालत मार्फत थुनिए वा कैद भएको हो सो अड्डा वा अदालतलाई र सो मर्ने थुनुवा वा कैदीको हकवालालाई समेत जेलरले तोकिए बमोजिम सो कुराको जनाउ दिनुपर्छ।

(२) उप-दफा (१) बमोजिमको जनाउ तामेल भएको मितिले बाटाका म्याद बाहेक पैंतीस दिनभित्र हकवालाले सो मर्ने थुनुवा वा कैदीको जायजात लिन आएमा तोकिएको रीत पुन्याई निजलाई सो जायजात दिनुपर्छ। सो म्यादभित्र कुनै हकवाला नआएमा सो जायजात लिलाम बिक्री गरी आएको नगद स्याहामा आम्दानी बांधी सरकारी कोषमा दाखिल गर्नुपर्छ।

(३) मरेको कुनै थुनुवा वा कैदीलाई निजको वारिसले उठाई लैजान चाहेमा, अन्यथा गर्न आवश्यक भएमा बाहेक सो वारिसको जिम्मा लगाइदिनुपर्छ। सो बमोजिम वारिसले उठाई नलगेमा वा कुनै वारिस नै नभएकोमा तोकिए बमोजिम कारवाइ गर्नुपर्छ।

१४. <u>भेटघाट र पत्र व्यवहारः</u>-(१) कुनै थुनुवा वा कैदीले वा त्यस्तो थुनुवा वा कैदीसित अरू कुनै व्यक्तिले भेट वा पत्र व्यहार गर्न चाहेमा, तोकिएको अवस्थामा बाहेक, भेट वा पत्र व्यवहार गर्न तोकिए बमोजिम दिइनेछ।

तर यस उप-दफामा लेखिएको कुनै कुराले कुनै थुनुवा वा कैदीको कानूनी सल्लाहकारलाई त्यस्तो थुनुवा वा कैदीसित तोकिए बमोजिम भेट गर्न बाधा पुन्याउने छैन।

(२) उप-दफा (१) मा गरिएको व्यवस्थाको विरुद्ध कुनै पत्र व्यवहार गरिएकोमा त्यस्तो सबै पत्र इत्यादि नष्ट गर्न सकिनेछ।

१५. <u>थुनुवा वा कैदीलाई अड्डा वा अदालतमा हाजिर गराउनेः</u>-(१) कुनै मुद्दा मामिलामा प्रमाण वा कुनै आवश्यक कुरा बुझ्नको लागि कुनै अड्डा वा अदालतले कुनै थुनुवा वा कैदीलाई हाजिर गराउन आवश्यक भएमा देहाय बमोजिम गर्नुपर्छ।

(क) अदालतले भए सो कैदी वा थुनुवा थुनिए वा कैद परेको जेल अफिसलाई सोझै पूर्जी गरी पठाउने,

(ख) अरू अड्डाले भए सो थुनुवा वा कैदी जुन अड्डा वा अदालत मार्फत थुनिए वा कैद परेको हो सो अड्डा वा अदालतलाई पूर्जी लेखी पठाउने।

(२) उप-दफा (१) को खण्ड (ख) बमोजिमको पूर्जी आएपछि सो थुनुवा वा कैदीलाई थुन्ने वा कैद ठेक्ने अड्डा वा अदालतले पनि सो पूर्जी बमोजिम त्यस्तो थुनुवा वा कैदीलाई पूर्जी लेखी पठाउने अड्डामा हाजिर गराउनको निमित्त सम्बन्धित जेल अफिसलाई पूर्जी लेखी पठाइदिनुपर्छ।

(३) उप-दफा (१) को खण्ड (क) बमोजिम वा उप-दफा (२) बमोजिमको पूर्जी पाएपछि जेलरले पनि त्यस्तो थुनुवा वा कैदीलाई तोकिए बमोजिम हाजिर गराउनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. जेल प्रशासन सम्बन्धी व्यवस्थाः–(१) आफ्नो इलाकाभित्रको जेलको प्रशासन एवं सो सम्बन्धी अन्य सबै व्यवस्थाको सामान्य रेखदेख गर्ने कर्तव्य सम्बन्धित बडाहाकिम वा मैजिष्ट्रेटको हुनेछ।

(२) प्रत्येक जेलको निमित्त एकजना जेलर र निज मातहतका अन्य कर्मचारी श्री ५ को सरकारबाट ठेकिएको संख्यामा रहने छन्।

१७. जेलर र अन्य कर्मचारीको कर्तव्यः– (१) जेलरको कर्तव्य देहाय बमोजिम हुनेछः–

(क) जेलको सबै मिसिल, किताब कागजात एवं मालसामानहरू र सो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निजको जिम्मा लगाइएको सबै चीज एवं मालसामानहरू सुरक्षित रूपले राख्ने,

(ख) थुनुवा कैदी भाग्न नपाउने गरी पालो पहराको बन्दोवस्त गर्ने र त्यस्तो पालो पहरामा खटिएका व्यक्ति आफ्नो काममा रुजु हाजिर रहेको वा नरहेको वा त्यस्तो व्यक्तिले आफ्नो काम कर्तव्य राम्रोसित पालन गरेको वा नगरेको कुराको रेखदेख गर्ने,

(ग) यस ऐनको अन्य दफा वा यस ऐन अन्तर्गत बनेको नियम वा अन्य प्रचलित नेपाल कानूनमा लेखिए बमोजिमको अरू कर्तव्यको पालन गर्ने ।

(२) प्रत्येक जेलरले आफ्नो निमित्त सरकारी तवरबाट ठेकिएको ठाउंमा निवास गर्नुपर्छ र सम्बन्धित बडाहाकिम वा मेजिष्ट्रेटको अनुमति नलिई साधारणतया राति जेल छाडी अन्त कतै जान हुंदैन।

(३) जेलभित्र वा जेलबाट बाहिर कुनै चीज वा मालसामान ल्याउन लैजान लाग्दा जेलमा त्यस बखत पालो पहरामा रहेको पाले सिपाहीले जांची शंका लागेको व्यक्तिको तलासीसमेत लिनुपर्छ र कुनै निषिद्ध वस्तु ल्याउन वा लैजान लागेको वा जेलको कुनै सम्पत्ति बाहिर लैजान लागेको फेला परेमा जेलरलाई तुरुन्त सो कुराको सूचना दिनुपर्छ ।

(४) जेलका कुनै कर्मचारी जेलर वा सम्बन्धित बडाहाकिम वा मेजिष्ट्रेटको अनुमति विना जेलबाट अनुपस्थित रहन हुंदैन।

(५) जेलका कर्मचारीहरूको अन्य कर्तव्य तोकिए बमोजिम हुनेछ।

१८. म्यादभन्दा बढी थुन्न वा कैद गर्न नहुनेः– (१) म्याद तोकिई थुनिए वा कैद परेका थुनुवा वा कैदीलाई सो म्याद पुगेपछि र प्रचलित नेपाल कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट छोड्न आदेश भै आएका थुनुवा वा कैदीलाई सो आदेश बमोजिम चौबीस घण्टाभित्र जेलरले थुना वा कैदबाट मुक्त गरिदिनुपर्छ।

(२) पुर्पक्षलाई थुनिएको थुनुवाका सम्बन्धमा निज जेलभित्र थुनिएको ६ महीनासम्ममा पनि कैद म्याद ठेकिएको रहेनछ वा निजलाई थुनाबाट मुक्त गर्ने आदेश आएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रहेनछ भने सो ६ महीना नाघेको तीन दिनभित्र जेलरले सो सम्बन्धित सबै कुरा खोली त्यस्तो थुनुवालाई थुन्न आदेश दिने अदालतको अपील सुन्ने अदालतमा रिपोर्ट गर्नुपर्छ ।

१९. जेलको जांचः–(१) प्रत्येक बडाहाकिम वा मेजिष्ट्रेटले आफैं वा आफू मुनिका असिष्टेंट पठाइने छ । ६ महीनामा एक पटक र आवश्यक देखेमा जहिलेसुकै पनि आफ्नो मातहतमा रहेको जेलको जांच गर्नु गराउनु पर्छ ।

(२) उप–दफा (१) अन्तर्गत जांच गर्न गएका बडाहाकिम वा मेजिष्ट्रेट वा असिष्टेंटले देहायका कुराहरूको जांच गर्नुपर्छः–

(क) कैद म्याद ठेकिएको कैदीले म्याद पुगेको दिन रिहाई पाएको छ वा छैन,

(ख) प्रचलित नेपाल कानून बमोजिम हुनु गर्नुपर्ने अरू काम कुरा सो बमोजिम भए गरेको छ वा छैन ।

(३) उप–दफा (२) बमोजिमको कुरा जांच्दा कुनै काम कुरा प्रचलित नेपाल कानूनको बखिलाप भए गरेको देखिएमा दफा २० मा लेखिएकोमा सोही बमोजिम र सो दफामा नलेखिएको कुरामा तोकिए बमोजिमको काम कारवाइ गर्न गराउन पर्छ ।

२०. जेल जांचपछि गर्नुपर्ने कारवाइः– दफा १९ बमोजिम जेल जांच्ने बडाहाकिम वा मेजिष्ट्रेट वा असिष्टेंटले जेलको जांच गरेपछि देहायका कुरामा देहाय बमोजिम गर्नुपर्छ :–

(क) थुनुवा वा कैदी म्यादभन्दा बढी थुनिए वा कैदै परेको देखिएमा त्यस्ता थुनुवा वा कैदीलाई तुरुन्त थुना वा कैदबाट मुक्त गरी सो थुनुवा वा कैदीलाई थुन्ने वा कैद गर्ने अड्डा वा अदालतलाई सो कुराको सूचना दिने,

(ख) पुर्पक्षका लागि थुनिएका व्यक्तिको सम्बन्धमा जेलरले दफा १८ को उप–दफा (२) बमोजिमको कारवाइ नगरेकोमा सो गर्न लाउने,

(ग) जेलका कुनै कर्मचारीले आफ्नो कर्तव्य पालन नगरेको वा कर्तव्य पालनमा लापरवाही गरेको देखिएमा निज उपर मुद्दा वा अन्य कारवाइ चलाउन पर्ने भएमा प्रचलित नेपाल कानून बमोजिम त्यस्तो कारवाइ आफले गर्न हुनेमा आफैंले गर्ने र आफैंले गर्न नहुनेमा सो कुराको जनाउ सम्बन्धित अधिकारी-लाई पठाउने ।

२१. थुनुवा वा कैदीले विन्तीपत्र, दरखास्त इत्यादि दिंदाको कार्य प्रणालीः–(१) कुनै थुनुवा वा कैदीले कुनै मुद्दा मामिलाका सम्बन्धमा कुनै अड्डा वा अदालतमा दिनुपर्ने कुनै फिरादपत्र, प्रतिउत्तरपत्र, अपीलपत्र, विन्तीपत्र, दरखास्त जनाउ इत्यादि सो अड्डा वा अदालतमा दाखिल गर्नालाई आफू थुनिए वा कैद परेको जेल अफिसमा दाखिल गरेमा सो अफिसले म्यादभित्रको भए निजको सहिछाप गराई प्रचलित नेपाल कानूनले दस्तूर लाग्नेमा दस्तूर-समेत बुझिलिई त्यसको निस्सा दिई कागत दस्तूर दाखिल गरेको मितिसमेत लेखी जुन अड्डा वा अदालतमा पठाउनुपर्ने हो सो अड्डा वा अदालतमा च लानीसाथ तीन दिनभित्र पठाइदिनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) बमोजिम जेल अफिसबाट चलान भै आएको कागजपत्र सम्बन्धित अड्डा वा अदालतले बुझिलिई प्रचलित नेपाल कानून बमोजिम गर्नुपर्छ ।

(३) थुनुवा वा कैदीले आफू थुनिएको वा कैद परेका जेलमा म्याद तारीखभित्र उप–दफा (१) मा लेखिएको कागज दस्तूर बुझाएकोमा म्याद तारीख जान सक्तैन ।

२२. जेल सम्बन्धी अपराधः– (१) कसैले यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप जेलभित्र वा जेलबाट बाहिर कुनै चीज वा मालसामान ल्याएको वा लगेको वा सो गर्ने उद्योग गरेको वा कुनै थुनुवा वा कैदीलाई मनाही गरिएको कुनै चीज वा मालसामान दिए वा पुऱ्याएको वा सो गर्ने उद्योग गरेको वा कुनै थुनुवा वा कैदीसित पत्र व्यवहार गरेको वा, जेलका कुनै कर्मचारीले जानी जानी वा लापरवाही गरी सो कुराहरू हुन दिएको वा कुनै व्यक्तिले माथि लेखिएको कुनै अपराधको दुरुत्साहन दिएको ठहरेमा त्यस्तो व्यक्ति वा कर्मचारीलाई छ महीनासम्म कैद वा दुई सय रुपैयांसम्म जरिवाना वा दुवै हुन सक्तछ ।

(२) कुनै थुनुवा वा कैदीले निम्नलिखित कुनै काम कुरा गरेमा निजलाई चेतावनी दिन वा असल चाल चलन बापत दण्ड सजायबाट कुनै छुट्को सहुलियतबाट वञ्चित गर्न वा पन्ध्रह दिनमा नबढाई एकान्त ठाउं वा कोठामा थुन्न वा स्वास्नीमानिस र रोगी बाहेक अरू थुनुवा वा कैदीको हकमा एक महीनामा नबढाई पहिले नेल नपरेकोमा नेल ठोक्न, नेल परिसकेकोमा हतकडी हाल्न र नेल हतकडी परिसकेकोमा जञ्जीर हाल्न सकिने छः–

(क) कुनै व्यक्ति उपर कुनै किसिमले अपराधिक बल प्रयोग गरेमा,
(ख) कुनै व्यक्ति उपर अपमान जनक वा धम्कीपूर्ण भाषा प्रयोग गरेमा,
(ग) अनैतिक वा अभद्र वा अनुशासन हीन आचरण गरेमा,
(घ) विना अधिकार नेल वा हतकडी खोले वा भांचेमा,
(ङ) जेलको कुनै सम्पत्ति जानी जानी बिगारे वा नाशेमा,
(च) कुनै मिसिल वा कागजात नाशे, बिगारे वा च्यातेमा,
(छ) निषेध गरिएको कुनै चीज वा मालसामान लिए राखे वा पठाएमा,
(ज) कुनै कर्मचारी वा थुनुवा वा कैदी उपर जानी जानी झूठो अभियोग लाग्ने कुरा गरेमा,
(झ) बिरामी भएको बहाना गरेमा,
(ञ) आगलागी भएको वा कुनै षड्यन्त्र गरिएको वा कुनै थुनुवा वा कैदी भागेको वा भाग्न उद्योग गरेको वा जेलका कर्मचारी वा कुनै थुनुवा वा कैदी उपर आक्रमण भएको वा हुने तयारी भैरहेको कुरा थाहा पाउनासाथ जाहेर नगरेमा वा जाहेर गर्न इन्कार गरेमा,
(ट) कुनै कैदी वा थुनुवालाई भगाएमा वा भगाउने उद्योग गरेमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप अन्य कुनै काम कुरा गरेमा ।

(३) उप–दफा (२) मा लेखिएको अपराधका सम्बन्धमा तोकिए बमोजिमको एउटा छुट्टै किताब राख्नु पर्छ र सो दफा अन्तर्गत कुनै थुनुवा कैदीलाई कुनै सजाय भएकोमा सो कुरा सो किताबमा जनाई जेलरले आफ्नो दस्तखत गर्नुपर्छ ।

२३. थुनुवा वा कैदीको चलानीः– थुनुवा वा कैदीलाई एक ठाउंबाट अर्को ठाउंमा चलान गर्दा तोकिए बमोजिम चलान गर्नुपर्छ ।

२४. कैदी थुनुवा भागे वा भगाएमा साजयः–(१) थुनुवा वा कैदी बाहेक अरू कसैले थुनुवा वा कैदीलाई भगाएमा वा भगाउने उद्योग गरेमा निजलाई देहाय बमोजिम सजाय हुनेछः–

(क) सम्बन्धित अड्डा वा अदालत वा जेलका कर्मचारीले घूस खाई वा मरमोलाहिजा गरी भगाएको रहेछ भने घूस खाएकोमा सो घूसको बिगोसमेत जफत गरी निजलाईः–

(१) ज्यान सजाय भएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेको थुनुवा भगाएको भए बाह्र वर्ष कैद,

(२) दामल वा जन्म कैदको सजाय पाएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेको थुनुवा भगाएको भए दश वर्ष कैद,

(३) अरू थुनुवा वा कैदी भगाएको भए घूस खाएकोमा सो घूसको बिगो बमोजिम जरिवानासमेत गरी दुई वर्षदेखि ६ वर्षसम्म कैद ।

(ख) खण्ड (क) मा लेखिए बाहेकका अन्य सरकारी कर्मचारीले घूस खाई वा मरमोलाहिजा गरी भगाएको रहेछ भने घूस खाएकोमा सो घूसको बिगोसमेत जफत गरी निजलाईः–

(१) ज्यान सजाय भएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेको थुनुवा भगाएको भए आठ वर्ष कैद,

(२) दामल वा अन्य कैदको सजाय पाएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेको थुनुवा भगाएको भए ६ वर्ष कैद,

(३) अरू थुनुवा वा कैदी भगाएको भए घूस खाएकोमा सो घूसको बिगो बमोजिम जरिवानासमेत गरी दुई वर्षदेखि ६ वर्षसम्म कैद ।

(ग) सम्बन्धित अड्डा वा अदालत वा जेलका कर्मचारीले खण्ड (क) मा लेखिए बमोजिम नगरी आफ्नो कर्तव्य पालनमा लापरवाही मात्र गरी भगाएको रहेछ भने निजलाई छ महीनासम्म कैद वा दुई सय रुपैयांसम्म जरिवाना वा दुबै ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सरकारी कर्मचारी बाहेक अरू कसैले भगाएमा निजलाई:–

(१) ज्यानको वा दामलको वा जन्म कैदको सजाय भएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोगको थुनुवा भगाएको भए पांच वर्ष कैद,

(२) अरू थुनुवा वा कैदी भगाएको भए दुई वर्षसम्म कैद वा पांचसय रुपैयांसम्म जरिवाना,

तर यस खण्ड बमोजिम सजाय गर्दा भाग्ने थुनुवा वा कैदी-लाई भएको वा हुन सक्ने बांकी कैदको आधाभन्दा बढी हुने गरी सजाय गरिने छैन ।

(ङ) कसैले कुनै थुनुवा वा कैदी भगाउने उद्योग गरेकोमा सो थुनुवा वा कैदी भाग्न नपाउंदै जाहेर भएकोमा छ महीनासम्म कैद वा दुईसय रुपैयांसम्म जरिवाना ।

(२) उप–दफा (१) को खण्ड (क), (ख) वा (ग) मा लेखिएका व्यक्तिले कुनै थुनुवा वा कैदी भगाएकोमा बिगोसमेत बुझ्न वा दिलाउन पर्ने रहेछ भने सो भगाउने व्यक्तिबाट भरीभराउ गर्नुपर्छ ।

(३) कैद म्याद ठेकिएको कैदी भागेमा पक्रिएपछि निजलाई बांकी कैदको डेढो बढाई सजाय हुनेछ ।

(४) कुनै थुनुवा भागेमा मुद्दा फैसला भएपछि निजलाई भएको सजायमा निजले भाग्नुभन्दा अघि थुनामा बसेका अवधि कट्टा गरी बांकी हुने सजायको डेढो बढाई सजाय कायम गरी त्यसमा निज भाग्नुभन्दा अघि वा पछि थुनामा रहेको जम्मा अवधि कट्टा गरी बांकी रहन आउने सजाय हुनेछ ।

(५) उप–दफा (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उप-दफाहरू बमोजिम डेढो बढाई सजाय कायम गर्दा भाग्ने थुनुवा वा कैदी जुन अपराधमा कैद परेको हो सो अपराधमा हुन सक्ने सजायको उपल्लो हदको सवाइभन्दा बढी हुने गरी सजाय कायम गरिने छैन ।

(६) उप–दफा (३), (४) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उप–दफाहरूबमोजिम सजाय गर्दा बीस वर्षभन्दा बढी कैद हुने गरी सजाय गरिने छैन ।

२५. <u>जेलका कर्मचारीले आफ्नो कर्तव्य पालन नगरेमा सजाय</u>:–जेलर वा जेलका अरू कुनै कर्मचारीले यस ऐनको वा यस ऐन अन्तर्गत बनेको नियमको वा अधिकार प्राप्त अधि-कारीले दिएको आदेशको बर्खिलाप गरी आफ्नो कर्तव्य पालन नगरेमा वा जानी जानी आफ्नो कर्तव्य पालनमा लापर्वाही देखाएमा वा अनुमति नलिई आफ्नो काम छोडी कतै गएको वा गएल परेको देखिएमा निजलाई यस ऐनका अन्य दफामा कुनै खास कुराका सम्बन्धमा खास सजाय तोकिएकोमा सोही बमोजिम र सो बमोजिम नतोकिएकोमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अवस्थानुसार तीन महीनासम्म कैदै वा दुई सय रुपैयांसम्म जरिवाना वा दुवै हुनेछ ।

२६. यो ऐन अन्तर्गतको मुद्दा मामिला चलाउने र हेर्ने अधिकारः–(१) प्रचलित अन्य नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि थुनुवा कैदी भागे भगाएको वा दफा २२ को उप–दफा (१) अन्तर्गतको मुद्दा मामिला हेरी किनारा गर्ने अधिकार जुन इलाकाको जेलको कैदी वा थुनुवा हो सोही इलाकाको इलाका अदालतलाई हुनेछ ।

(२) दफा २२ को उप–दफा (२) अन्तर्गतको अपराधको ठाडो जांचबुझ गरी सजाय गर्ने अधिकार सम्बन्धित जेलरलाई हुनेछ र निजले यस उप–दफा अन्तर्गत दिएको कुनै आदेश उपर अपील लाग्ने छैन ।

तर यस उप–दफा अन्तर्गत जेलरले कुनै थुनुवा वा कैदीलाई सजाय गरेकोमा त्यस्तो सूचना सम्बन्धित बडाहाकिम वा मेजिष्ट्रेटलाई दिनुपर्छ ।

(३) प्रचलित अन्य नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २५ अन्तर्गतको अपराध सम्बन्धी मुद्दा मामिला हेरी किनारा गर्ने अधिकार सम्बन्धित बडाहाकिम वा मेजिष्ट्रेटलाई हुनेछ ।

(४) दफा २२ को उप–दफा (१) दफा २४ र दफा २५ अन्तर्गतको अपराधको तहकीकात गरी मुद्दा चलाउने कर्तव्य सम्बन्धित जेलरको हुनेछ । र सो बमोजिम तहकीकात गर्दा कसूरमा मुछिएको व्यक्तिलाई गिरफ्तार गर्ने कुनै व्यक्ति वा स्थानको तलासी लिने, अभियुक्तलाई बयान गराउने, सरजमीन मुचुल्का तयार गर्नेसमेत प्रचलित नेपाल कानूनले पुलिसले पाए सरहको सबै अधिकार जेलरलाई हुनेछ । र त्यस्तो तहकीकात गर्दा पहिले-देखि थुना वा कैदमा रहेका बाहेक अभियुक्तलाई तारीखमा राख्ने वा जमानीमा छाड्नेबारे अदालतलाई भए सरहको अधिकार पनि आवश्यकतानुसार जेलरलाई हुनेछ ।

(५) उप–दफा (४) अन्तर्गत जेलरले गिरफ्तार गरेको व्यक्तिमध्ये पहिलेदेखि थुनाँ वा कैदमा रहेका व्यक्ति बाहेक अरूलाई बाटाका म्याद बाहेक चौबीस घण्टाभन्दा बढी हिरासतमा राख्नुपर्ने भएमा जेलरले मुद्दा हेर्ने अधिकारीको अनुमति लिई बढीमा सात दिनसम्म थप हिरासतमा राख्नु हुन्छ ।

२७. नियम बनाउने अधिकारः–(१) श्री ५ को सरकारले यस ऐनको उद्देश्य कार्यान्वित गर्न नियमहरू बनाउन सक्नेछ ।

(२) उप–दफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी ती नियमहरूद्वारा खास गरी देहायका कुराको व्यवस्था गर्न सकिनेछः–

(क) थुनुवा र कैदीहरूको जलभित्र प्रवेश नियन्त्रण एवं छुट्कारा,

(ख) थुनुवा र कैदीहरूको वर्गीकरण,

(ग) थुनुवा र कैदीहरूलाई सरकारिया खर्चबाट दिइने लुगा, सिधासहित अन्य सुविधाहरू,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) थुनुवा र कैदीहरूले वा निजहरूसित अरूले भेटघाट वा पत्र व्यवहार गर्ने व्यवस्था,

(ङ) थुनुवा र कैदीहरूले दिएको निवेदनपत्र, दरखास्त, उजूरी, प्रतिउत्तरपत्र वा अपीलपत्र सम्बन्धित अड्डा वा अदालतमा चलान गरी पठाउने व्यवस्था,

(च) थुनुवा र कैदीहरूको चाल चलनको रेकर्ड राख्ने, असल चाल चलन भएकाको सजाय छोटयाउने व्यवस्था एवं अधिकार,

(छ) थुनुवा वा कैदीहरूको शिक्षा, स्वास्थ्य, सदाचार एवं आर्थिक हित सम्बन्धी व्यवस्थाहरू,

(ज) थुनुवा वा कैदी भाग्न लागेको वा जेलभित्र उपद्रव वा अशान्ति गरेको अवस्थामा निजहरू उपर हात हतियारको प्रयोग गर्ने व्यवस्था,

(झ) जेलभित्र वा जेल बाहिर कुनै माल सामान ल्याउन लैजान निषेध गर्ने व्यवस्था,

(ञ) थुनुवा वा कैदीलाई चलान गर्दा वा ल्याउंदा लैजांदा गर्नुपर्ने व्यवस्था एवं कारवाइ,

(ट) मेजिष्ट्रेट वा बडाहाकिम वा निजको असिष्टेण्टले जेलको जांच गर्दा वा गरिसकेपछि गर्नुपर्ने व्यवस्था एवं कारवाइ,

(ठ) जेलरले दफा २२ को उप–दफा (२) अन्तर्गत कुनै थुनुवा वा कैदीलाई सजाय गर्दा अपनाउनुपर्ने कार्यप्रणाली एवं त्यस सम्बन्धमा राख्नुपर्ने किताब बारे,

(ड) असाध्य विरामी परी वा अरू कुनै कारणले कुनै थुनुवा वा कैदीलाई छाड्नुपर्ने अवस्थामा गर्नुपर्ने कारवाइ ।

२८. खारेजीः– देहायका प्रचलित नेपाल कानून खारेज गरिएको छः–

(क) मुलुकी ऐन खोर झेलखानाको महल,

(ख) खोर झेलखाना विषय भएको गैह्र सवाल सनद,

(ग) मुलुकी ऐन अदालती दन्दोवस्तको महल ५१ नम्बर ।

इति सम्वत् २०१६ साल गते रोज शुभम् – – –

लालमोहर सदर मितिः– २०१६।१०।२२।२

आज्ञाले–

विनोदप्रसाद धिताल,

श्री ५ को सरकारको सह–सचिव,

कानून तथा न्याय मन्त्रालय ।

गोरखापत्र छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।